नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४८ | अङ्क ७ | चैत २०८० | मार्च-अप्रिल २०२४

# गभर्नर अधिकारी $43^{rd}$ SEACEN Board of Governors' (BOG) Meeting / $59^{th}$ SEACEN Governors' Conference/ High-Level Seminar मा सहभागी




गभर्नर महाप्रसाद अधिकारी २०८० फागुन ३ र ४ गते भारतको मुम्बईमा आयोजित $43^{rd}$ SEACEN Board of Governors' (BOG) Meeting $59^{th}$ / SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी हुनुभयो ।

भारतीय रिजर्व बैंकद्वारा आयोजित उक्त सम्मेलनको पहिलो दिन 'Navigating Economic Headwinds and Advancing Financial Inclusion: Perspectives and Challenges' विषयक सेमिनार सम्पन्न भयो । सेमिनारमा SEACEN का कार्यकारी निर्देशक मङ्गल गोस्वामीले स्वागत मन्तव्य राख्नुभयो भने भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासले सम्मेलनको उद्देश्य र महत्वबारे प्रकाश पार्नुभएको थियो । सो अवसरमा 'The Drivers and Road to Achieving Inflation Targets - Challenges Ahead', 'Challenges and Implications of Higher for Longer Interest Rates' र 'Leaving No One Behind: The Role of Digital Public Infrastructure in Financial Inclusion' विषयक तीन वटा सेसनमा प्यानल छलफल भएको भयो । त्यस क्रममा कोभिड-१९ सङ्क्रमण यताको अवधिमा विश्व अर्थतन्त्रले सामना गरेका मुद्रास्फीति, उच्च ब्याजदर, भू-राजनीतिक तनावलगायतका चुनौतीबारे विस्तृत छलफल भएको थियो ।

सम्मेलनको तेस्रो सेसनमा गभर्नर

अधिकारी प्यानलिष्टको भूमिकामा सहभागी हुनुभयो । सो अवसरमा उहाँले 'डिजिटल फाउण्डेसन' स्थापनामा पछिल्लो समय नेपालले उल्लेख्य प्रगति हासिल गरेको उल्लेख गर्दै सन् २०२६ सम्ममा 'केन्द्रीय बैंक विद्युतीय मुद्रा' पाइलट परीक्षण गर्ने तयारी रहेको जानकारी दिनुभयो । उक्त सम्मेलनमा SEACEN का सदस्य संस्थाका गभर्नर र उच्च अधिकारीहरूको सहभागिता थियो ।

कार्यक्रमको दोस्रो दिन गभर्नर अधिकारी 43rd SEACEN Board of Governors' (BOG) Meeting मा सहभागी हुनुभयो । भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासको अध्यक्षतामा आयोजित बैठकमा SEACEN का कार्यकारी निर्देशक मङ्गल गोस्वामीले सन् २०२३ मा भएका गतिविधि र चालु रणनीतिक योजनाको कार्यान्वयन अवस्थाबारे जानकारी दिनुभयो ।

बैठकमा सन् २०२४ को निम्ति प्रस्तावित प्रशिक्षण र अनुसन्धान, बजेट, साङ्गठनिक नतिजालगायतका विषयमा छलफल भई सहभागीको राय/सुझावका आधारमा प्रस्तावहरू अनुमोदन भएको थियो । सो अवसरमा गभर्नर अधिकारीले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो ।

बैठकका क्रममा गभर्नर अधिकारीले भारतीय रिजर्व बैंक र नेसनल बैंक अफ कम्बोडियाका गभर्नर तथा मनिटरी अथोरिटी अफ सिङ्गापुरका मेनेजिङ डाइरेक्टरसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । SEACEN को ६० औं गभर्नर्स सम्मेलन र ४४ औं बोर्ड अफ गभर्नर्स बैठक दक्षिण कोरियामा हुने जनाइएको छ । सम्मेलनमा सहभागी भई गभर्नर अधिकारी २०८० फागुन ८ गते स्वदेश फर्कनुभयो । ■

# NPI र UPI को भुक्तानी प्रणाली एकीकृत गर्ने समझदारी



नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच अन्तरदेशीय विद्युतीय भुक्तानी प्रणालीको विकासको निम्ति नेपालको National Payments Interface (NPI) र भारतको Unified Payments Interface (UPI) को प्रणालीलाई एकीकृत गर्ने सम्बन्धमा द्विपक्षीय नियामकीय संयन्त्र स्थापना गर्ने समझदारी भएको छ ।

२०८० फागुन ३ गते भारतको मुम्बईमा आयोजित कार्यक्रममा सोसम्बन्धी द्विपक्षीय समझदारीको Terms of Reference (TOR) मा हस्ताक्षर भयो । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासको उपस्थितिमा नेपाल राष्ट्र बैंकका तर्फबाट विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे र भारतीय रिजर्व बैंकको तर्फबाट भुक्तानी तथा फछ्यौंट विभागका चिफ जनरल मेनेजर गुनबीर सिंहले हस्ताक्षर गर्नुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच गठित अन्तरदेशीय विद्युतीय भुक्तानीसँग सम्बन्धित Joint Steering Committee पहिलो बैठकसमेत सम्पन्न भयो ।

NPI र UPI को भुक्तानी प्रणालीको एकीकृत गर्ने समझदारीको कार्यान्वयनपछि दुई मुलुकबीच हुने अन्तरदेशीय विद्युतीय भुक्तानी कारोबार सहज, सुलभ, छिटो र सुरक्षित हुने अपेक्षा राखिएको छ । यसबाट नेपाल र भारतका नागरिकलाई आफ्नो मुलुकमा विप्रेषण ट्रान्सफर, स्वास्थ्य उपचार, भ्रमण खर्चको भुक्तानीका निम्ति सहज हुने विश्वास लिइएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणको समयमा NPI र UPI बीच अन्तरआबद्धताको लागि नेपाल क्लियरिङ हाउस लिमिटेड र भारतको एनपीसीआई इन्टरनेसनल पेमेन्ट्स लिमिटेडबीच सन् २०२३ जुनमा समझदारीपत्र आदानप्रदान भएको थियो । ■

# आर्थिक पत्रकारको निम्ति अभिमुखीकरण



बैंकर्स प्रशिक्षण केन्द्रले फागुन २९ र ३० गते काभ्रेको धुलिखेलमा आर्थिक पत्रकारहरूको निम्ति 'समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अभिमुखीकरण कार्यक्रम' आयोजना गर्‍यो ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) मा आबद्ध पत्रकारहरूको सहभागितामा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले आर्थिक तथा वित्तीय क्षेत्रका समाचार सम्प्रेषण र विश्लेषणका सन्दर्भमा यो कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "मुलुकको अर्थतन्त्र र वित्तीय प्रणालीका विविध विषयमा यहाँहरूले नियमित रूपमा कलम चलाउँदै आउनुभएकै छ । यो अभिमुखीकरण कार्यक्रमपछि यहाँहरूको ज्ञान, सीप र दक्षता अभिवृद्धि हुने मेरो विश्वास छ ।" सञ्चारकर्मीले सर्वसाधारणमाझ यथार्थ र विश्लेषणात्मक समाचार सम्प्रेषण गर्नुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो ।

नौ वटा सत्रमा सञ्चालित उक्त अभिमुखीकरण कार्यक्रममा नाफिजका पदाधिकारीसहित ३८ जना पत्रकारको सहभागिता थियो । सो अवसरमा बैंकभित्र र बाहिरका नौ जना विज्ञले समसामयिक आर्थिक तथा बैंकिङ विषय र बैंक तथा वित्तीय क्षेत्रका कामकारवाहीसँग सम्बन्धित विषयमा आर्थिक पत्रकारहरूलाई जानकारी दिनुभयो ।

कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालको वित्तीय प्रणाली र राष्ट्र बैंकको सञ्चार संयन्त्र र आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले मौद्रिक क्षेत्रका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक किरण पण्डितले राष्ट्र बैंकको नियामकीय र सुपरिवेक्षकीय भूमिका, बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय क्षेत्रका सूचक र गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले बाह्य क्षेत्रका विविध पक्षबारे प्रस्तुति दिनुभयो ।

यसै गरी, आर्थिक अनुसन्धान विभागका उप-निर्देशक रवीन्द्र महर्जनले मुद्रास्फीति र यसको मापनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने भुक्तानी प्रणाली विभागका सहायक निर्देशक राजेश पनेरुले नेपालमा भुक्तानी प्रणालीको विकाससम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा बैंकिङ विज्ञद्वय विवेक राणा र अरुण राउतले क्रमशः वित्तीय क्षेत्रका उदीयमान विषयवस्तु र बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणबारे प्रस्तुति दिनुभएको थियो । ■

# स्थानीय तहको सरकारी कारोबारसम्बन्धी गोष्ठी

बैंकिङ विभागले फागुन ११ गते धनगढीमा 'स्थानीय तहको सरकारी कारोबारसँग सम्बन्धित समस्या तथा सोको समाधान' विषयक गोष्ठी आयोजना गर्‍यो ।

कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बैंकिङ विभाग, धनगढी कार्यालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलाली र कञ्चनपुरस्थित कोष



तथा लेखा नियन्त्रक कार्यालय, नेपाल क्लियरिङ हाउस लिमिटेड, वाणिज्य बैंक र स्थानीय तहका प्रतिनिधिसहित ६७ जना कर्मचारीको सहभागिता थियो। कार्यक्रममा विभागका उप-निर्देशक टीकाराम तिमिल्सिनाले 'स्थानीय तहको सरकारी कारोबारको सञ्चालन तथा व्यवस्थापन' र महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक रामचन्द्र शर्माले 'स्थानीय तहको सरकारी कारोबार, सञ्चालन तथा व्यवस्थापनमा महालेखा नियन्त्रक कार्यालय र वाणिज्य बैंकहरूबीचको अन्तरसम्बन्ध, समस्या तथा चुनौतीहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नभयो।

सोपश्चात् आयोजित छलफल सत्रमा विभागका निर्देशक सुवास आचार्यले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिनुभयो। कार्यक्रममा कार्यकारी निर्देशक थापाले सरकारको बैंकरको रूपमा सरकारी आम्दानी र खर्चको हिसाब राख्ने कर्तव्य राष्ट्र बैंकको रहेको उल्लेख गर्दै बैंकको उपस्थिति नभएका स्थानमा वाणिज्य बैंकका शाखामार्फत स्थानीय तहको सरकारी कारोबार सञ्चालनको व्यवस्था मिलाइएको धारणा राख्नुभयो। उक्त गोष्ठीले सरकारी कारोबारलाई सहज रूपमा सम्पादन गर्न, नियमित रिपोर्टिङ गर्न र हिसाबमिलान अद्यावधिक गर्न सहयोग पुऱ्याउने विश्वास उहाँले व्यक्त गर्नुभयो। कार्यक्रममा धनगढी कार्यालयका का.मु. निर्देशक शान्तिप्रसाद पाण्डेले समापन मन्तव्य राख्नुभयो।

सो अवसरमा उप-निर्देशक बिन्ती श्रेष्ठले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रलिसा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया




वित्तीय जानकारी इकाइले फागुन ९ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

विप्रेषण कारोबार गर्ने कम्पनी र मनिचेञ्जर कम्पनीका प्रतिनिधिको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, नेपाल मुद्रा विप्रेषक संघ, विदेशी मुद्रा व्यवसायी संघ नेपाललगायतका संस्थाका करिब ६० जना प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले गो-एएमएल प्रणालीमा प्राप्त हुने प्रतिवेदनहरू गोप्य र सुरक्षित रहने भएकाले सीमा कारोबार, शङ्कास्पद कारोबार र गतिविधिबारे नियमित रिपोर्टिङ गरिदिन आग्रह गर्नुभयो। कार्यक्रममा नेपाल मुद्रा विप्रेषक संघका सभापति चन्द्र टण्डनले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनका निम्ति संघले आफ्ना सदस्य व्यवसायीलाई सहजीकरण गर्ने जानकारी दिनुभयो। विदेशी मुद्रा व्यवसायी संघ नेपालका महासचिव शङ्करप्रसाद ओलीले मनिचेञ्जर व्यावसायीलाई सम्पत्ति शुद्धीकरणका कानुनी पक्षबारे विस्तृत जानकारी हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले 'वित्तीय जानकारी इकाइ र गो-एएमएल रिपोर्टिङ' र विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक मणिराज श्रेष्ठले 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणमा विप्रेषणको कार्य गर्ने विप्रेषण कम्पनीलगायतका संस्थाहरूको भूमिका' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, इकाइका सहायक (सू.प्र.) दीपक पराजुलीले 'गो-एएमएल रिपोर्टिङ' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा नेपाल राष्ट्र बैंकका निर्देशक डा. हरिकुमार नेपालले कार्यपत्रका विषयवस्तुबारे थप प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा इकाइका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# बर्दियामा भुक्तानी तथा फछ्र्यौट कारोबारसम्बन्धी अनुशिक्षण




नेपालगञ्ज कार्यालयले फागुन १८ गते बर्दियाको ठाकुरद्वारामा 'भुक्तानी तथा फछ्र्यौट कारोबार: विद्यमान व्यवस्था, समस्या र चुनौतीहरू' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

भुक्तानी प्रणाली विभागसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बर्दियास्थित बैंक तथा वित्तीय संस्थाका ४९ जना प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा विभागका उप-निर्देशक डा. दीपक अधिकारीले भुक्तानी प्रणालीको विकासक्रम, भुक्तानी प्रणालीसम्बन्धी नीतिगत व्यवस्था, 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८०' मा उल्लिखित व्यवस्थालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र उप-निर्देशक अधिकारीले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो । नेपालगञ्ज कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाले समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक दीपेश यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विराटनगरमा नोट व्यवस्थापनसम्बन्धी अनुशिक्षण

विराटनगर कार्यालयले फागुन २४ गते शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचानसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंक तथा वित्तीय संस्थाका कर्मचारी, जिल्ला प्रहरी कार्यालय सुनसरी र मोरङका प्रतिनिधि, मनिचेन्जर व्यवसायी, व्यापारिक प्रतिष्ठानका प्रतिनिधिलगायतको सहभागितामा उक्त अनुशिक्षण आयोजना गरिएको हो । सफा नोट नीति, नेपाली र विदेशी मुद्राका सुरक्षण विशेषता, बैंकिङ कारोबार सञ्चालन प्रक्रिया र यसका जोखिम, नोट सर्टिङलगायतका विषयबारे सरोकारवालालाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।



कार्यक्रमको पहिलो सत्रमा बैंकिङ विभागका उप-निर्देशक गेदा पंगेनीले 'शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन' विषयमा वार्ता प्रस्तुत गर्दै विभिन्न परिवर्त्य विदेशी मुद्राका सुरक्षण विशेषताबारे जानकारी दिनुभयो । यसै गरी, मुद्रा व्यवस्थापन विभागका निर्देशक रमेश आचार्यले 'नोट सर्टिङ तथा जाली नोट पहिचान' विषयमा कार्यपत्र प्रस्तुत गर्दै सफा नोट नीति, सुरक्षण विशेषता, नोट सर्टिङमा अपनाउनुपर्ने सावधानीबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा निर्देशक इन्द्रा चम्लागाई मैनालीले समापन मन्तव्य राख्दै अनुशिक्षण कार्यक्रममा प्रस्तुत विषयवस्तुले बैंक तथा वित्तीय संस्थाका कर्मचारीको नियमित कार्यसम्पादनमा दक्षता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उप-निर्देशक लक्ष्मीप्रसाद तिम्सिनाले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक अशोक रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विभिन्न विभाग/कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न




फागुन महिनामा विभिन्न विभाग/कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएका छन् । यस क्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले फागुन ३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो ।

सो अवसरमा विभागका उप-निर्देशक खगेश्वर भण्डारीले 'Governance Policy and Good Governance in NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले संस्थाको स्वायत्तता, पारदर्शिता र जवाफदेहितालगायतका विषयवस्तुबारे प्रकाश पार्नुभयो । कार्यपत्र प्रस्तुतिपश्चात् विभागका कर्मचारीहरूबीच सो विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक ऋषिकेश भट्टले बैंकको काम कारबाहीमा पारदर्शिता, नीति/नियमको पालना र जवाफदेहिताले बैंकमा सुशासन प्रवर्द्धन हुने उल्लेख गर्दै त्यस निम्ति सम्पूर्ण कर्मचारीको जिम्मेवारीपूर्ण भूमिका रहने धारणा राख्नुभयो ।

सो अवसरमा विभागका निर्देशक विनोदराज आचार्यले कार्यक्रमको उद्देश्य र उपादेयताबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक धीरेन्द्रकुमार आरसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

बैंकिङ विभागले फागुन ५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित कार्यक्रममा विभागका ५९ जना कर्मचारीको सहभागिता थियो । कार्यक्रममा सहायक निर्देशक सृजना प्रजापतिले 'बैंकिङ विभागमा स्विफ्टमार्फत हुने कारोबार' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विभागअन्तर्गतको स्विफ्ट फाँटबाट नियमित सम्पादन हुने कार्य र चुनौतीबारे जानकारी दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक थापाले उक्त कार्यक्रमको आयोजनाबाट अन्य फाँटका कर्मचारीलाई समेत स्विफ्ट कारोबारका विषयमा ज्ञान हासिल गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै यसबाट विभागका कामकारबाही थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले फागुन ११ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा सहायक निर्देशक ममता रावतले 'विदेशी विनिमय कारोबार गर्ने संस्थाहरूको निरीक्षणसम्बन्धी व्यवस्था' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले 'नेपाल राष्ट्र बैंक मनिचेञ्जर कारोबार इजाजजपत्र तथा निरीक्षण विनियमावली, २०७७' र 'नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७' का मुख्य व्यवस्थाका विषयमा जानकारी दिनुभयो । कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा आयोजित कार्यक्रममा कार्यालयका ३५ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयमा फागुन १५ ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो । निर्देशक सत्येन्द्रराज सुवेदीको संयोजकत्वमा आयोजित कार्यक्रममा प्रधान सहायक राजन पोखेलले 'Ethics in Nepal Rastra Bank' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले बैंकको कर्मचारी सेवा विनियमावलीमा उल्लिखित आचरण र आचारसंहितासम्बन्धी विषयबारे जानकारी दिनुभयो ।

जनकपुर कार्यालयले फागुन २७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । निर्देशक अशोक घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाली सेनाका उपसेनानि समीर बुढाथोकी र जमदार गुरैया थारुले 'Fire Extinguisher Drilling' विषयमा जानकारी दिनुभयो । ■





# नेपालगञ्ज कार्यालयद्वारा तनाव व्यवस्थापन कार्यक्रम आयोजना

नेपालगञ्ज कार्यालयले फागुन १२ गते बाँकेको कोहलपुरमा आफ्ना कर्मचारीहरूका निम्ति तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रमको पहिलो सत्रमा दिव्यज्ञान ध्यान केन्द्र, पथिक फाउण्डेसनका प्रशिक्षक समीक्षा पोखरेलले योग तथा प्रणायामसम्बन्धी प्रशिक्षण दिनुभयो । दोस्रो सत्रमा सोही फाउण्डेशनका प्रशिक्षक समिर पोखरेलले तनाव उत्पन्न हुने कारण र सोको व्यवस्थापनका उपायबारे चर्चा गर्दै तनावरहित जीवनयापनका आचरण, सन्तुलित भोजनलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यालयका कर्मचारीबीच विभिन्न मनोरञ्जनात्मक क्रियाकलापसमेत आयोजना गरिएको थियो । कार्यालयका निर्देशक गिरिजाप्रसाद कोइरालाको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो । ■



# विभिन्न प्रदेशमा पूर्व बजेटकालीन अन्तरक्रिया

आर्थिक अनुसन्धान विभागले फागुन महिनामा विभिन्न प्रदेशमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

विभागले कर्णालीको सुर्खेतमा फागुन १० गते, लुम्बिनीको बुटवलमा फागुन १८ गते, सुदूरपश्चिमको धनगढी र मधेश प्रदेशमा फागुन ३० गते उक्त कार्यक्रम आयोजना गरिएको विभागले जनाएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा राष्ट्र बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा हुनुपूर्व सोही समीक्षाको निम्ति सुझाव सङ्कलन गर्ने उद्देश्यले सरोकारवालाको उपस्थितिमा पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।




कार्यक्रममा प्रदेशस्थित विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्था नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, व्यापार संघ, स्थानीय होटेल व्यवसायी संघका प्रतिनिधि, अर्थशास्त्री, कृषक, बुद्धिजीवी, सञ्चारकर्मीलगायतको सहभागिता थियो । कार्यक्रममा सहभागीका तर्फबाट मुलुकको वर्तमान आर्थिक स्थिति, सम्भावना, चुनौती र आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीतिगत सुझावह प्रस्तुत गरिएको थियो ।

बुटवलमा आयोजित कार्यक्रमको संयोजन कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले गर्नुभयो भने सुर्खेत र धनगढीको कार्यक्रम निर्देशक नारायणप्रसाद पोखेल र जनकपुरको कार्यक्रम का.मु. निर्देशक वीरेन्द्रबहादुर बुढाको संयोजकत्वमा सम्पन्न भएको थियो । ■

# आर्थिक सूचकको विश्लेषण : हेक्का राख्नुपर्ने केही सन्दर्भहरू



✍ सिद्धराज भट्ट
उप-निर्देशक

मुलुकको आर्थिक गतिविधि विश्लेषण गर्न र अन्य मुलुकहरूसँगको तुलनात्मक स्थिति चित्रण गर्नका लागि विभिन्न आर्थिक सूचकहरूको प्रयोग गरिन्छ। तथापि कतिपय अवस्थामा यस्ता सूचकको व्याख्या सही तरिकाले नहुँदा आर्थिक स्थितिको गलत चित्र सम्प्रेषण हुनजाने सम्भावना रहन्छ। यस लेखमा केही आर्थिक सूचकहरूको व्याख्या गर्दा अपनाउनुपर्ने सावधानीबारे चर्चा गर्ने प्रयास गरिएको छ।

### (क) अनुपात वा योगदान

केही बृहत् आर्थिक आँकडालाई जीडीपीसँगको अनुपातको रूपमा व्याख्या गरिन्छ। जस्तैः विप्रेषण/जीडीपी अनुपात। यस्तो अनुपातलाई धेरै ठाउँमा विप्रेषणको जीडीपीमा भएको योगदानको रूपमा व्याख्या गरिएको पाइन्छ, जुन गलत हो। किनकि विप्रेषण मुलुकबाहिरबाट प्राप्त हुने रकम हो भने जीडीपी मुलुकको सिमानाभित्र हुने उत्पादन हो। मुलुकबाहिरबाट प्राप्त हुने आयले मुलुकभित्र सिर्जना हुने आयमा प्रत्यक्ष रूपमा यति प्रतिशत योगदान दिन्छ भनेर भन्न सकिँदैन। तसर्थ, नेपालको जीडीपीमा विप्रेषणको योगदान २३ प्रतिशत छ भन्न मिल्दैन, बरु नेपालमा जीडीपीसँग विप्रेषणको अनुपात २३ प्रतिशत छ वा विप्रेषण आय जीडीपीको तुलनामा २३ प्रतिशत छ भन्नु उपयुक्त हुन्छ।

यसै गरी, उपभोग जीडीपी अनुपात ९० प्रतिशत हुनुको अर्थ हामी आफ्नो जीडीपीको ९० प्रतिशत उपभोगमा खर्च गर्छौं र १० प्रतिशत मात्र बचत गर्छौं भन्ने होइन। उपभोग खर्च आयातित वस्तु तथा सेवामा पनि हुन्छ। विप्रेषण र बाह्य स्रोतबाट प्राप्त अन्य आम्दानी पनि उपभोगमा प्रयोग हुन्छन्। योगदानको रूपमा गलत व्याख्या गरिने केही अनुपातमा सार्वजनिक संस्थानको आय, बीमा प्रिमियम, सहकारी बचत, पर्यटन आयलगायतको जीडीपीसँगको अनुपात पनि छन्। अर्कोतिर जीडीपी वा अन्य कुनै आँकडाको हिस्साको रूपमा आउने आँकडालाई चाहिँ योगदान वा अंशको रूपमा व्याख्या गरिन्छ। जस्तैः जीडीपीमा कृषिको योगदान, कुल कर रकममा प्रत्यक्ष करको योगदान आदि।

### (ख) प्रतिशतमा मापन गरिने आँकडा

प्रतिशतमा मापन गरिने आँकडाको परिवर्तन उल्लेख गर्दा जहिले पनि आधार विन्दु वा प्रतिशत विन्दुमा उल्लेख गर्नुपर्ने हुन्छ। जस्तैः ब्याजदर १० प्रतिशतबाट १२ प्रतिशत हुँदा दुई प्रतिशतले बढ्ने होइन। त्यसलाई दुई प्रतिशत विन्दुले बढेको भन्नुपर्ने हुन्छ। तसर्थ, आधार दर, नीतिगत दर, ब्याजदर, मूल्य वृद्धिदरलगायतको परिवर्तन उल्लेख गर्दा पनि चनाखो बन्नुपर्छ।


### (ग) प्रचलित मूल्य र स्थिर मूल्य

उत्पादन, आय, खर्च, लगानीजस्ता आँकडालाई प्रचलित मूल्यमा उल्लेख गर्नु उपयुक्त हुन्छ। जस्तैः नेपालको अर्थतन्त्रको आकार प्रचलित मूल्यको जीडीपी अर्थात् रु.५,३८१ अर्ब हो, स्थिर मूल्यको जीडीपी अर्थात् रू.२,५७६ अर्ब होइन। मूल्यवृद्धिले पार्ने प्रभाव हटाउन भने उत्पादनको वृद्धिदरलाई स्थिर मूल्यमा व्यक्त गरिएको हुन्छ। आधार वर्ष परिवर्तन हुनेवित्तिकै स्थिर मूल्यमा मापन गरिएका आँकडामा परिवर्तन हुने भएकाले त्यस्ता आँकडाको आकार स्थिर मूल्यमा व्याख्या गर्नुहुँदैन। उदाहरणका लागि, नेपालको स्थिर मूल्यमा व्यक्त प्रतिव्यक्ति आय आधार वर्ष २०६७/६८ लाई लिँदा रू.८७,४५७ हुन्छ भने २०७९/८० को आँकडालाई लिँदा रू.१८२,६८३ हुन्छ। तसर्थ, स्थिर मूल्यमा मापन गरिएका आँकडाको रकमभन्दा वृद्धिदर महत्वपूर्ण हुन्छ।

### (घ) आर्थिक वृद्धिदर

आर्थिक वृद्धिदरको मापन आधारभूत मूल्य र बजार मूल्यमा गरिन्छ। बजार मूल्यमा व्यक्त वृद्धिदरमा खुद अप्रत्यक्ष कर समावेश हुन्छ भने आधारभूत मूल्यमा व्यक्त वृद्धिदरमा त्यस्तो कर समावेश हुँदैन। कतिपय अवस्थामा सरकारले वृद्धिदर बढी देखाउन बजार मूल्यमा मापन गरिएको वृद्धिदरलाई मात्रै देखाइएको आरोप पनि लाग्ने लाग्ने गर्छ। तथापि, जीडीपी भन्नाले बजार मूल्यमा व्यक्त उत्पादनलाई बुझाउने, खर्च विधिबाट उत्पादन गणना गर्दा बजार मूल्य मात्रै थाहा हुने तथा विकसित मुलुक, धेरैजसो उदीयमान मुलुक र अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंकलगायतले आर्थिक वृद्धिदर बजार मूल्यमा अनुमान/प्रक्षेपण गर्ने भएको हुँदा सैद्धान्तिक दृष्टिकोण र तुलनालाई यथार्थपरक बनाउन बजार मूल्यमा व्यक्त वृद्धिदरलाई प्रयोग गर्नु उपयुक्त हुन्छ।

यसै गरी, त्रैमासिक वृद्धिदरको हकमा कुनै त्रयमासको उत्पादनलाई सोही वर्षको अघिल्लो त्रयमाससँग तुलना गर्ने कि अघिल्लो वर्षको सोही त्रयमाससँग तुलना गर्ने भन्ने कुरा महत्वपूर्ण रहन्छ। विकसित मुलुकहरूमा कुनै एक त्रयमासको उत्पादनलाई वर्षको चारवटै त्रयमासमा वितरण गर्ने वैज्ञानिक विधिको प्रयोग गरिने भएकाले ती मुलुकमा अघिल्लो त्रयमाससँगको वृद्धिदर अर्थात् मौसमी प्रभाव समायोजित वृद्धिदर बढी उपयोग गरिन्छ। तर नेपालजस्तो मुलुकमा कृषि उत्पादनको ठूलो हिस्सा कुनै एउटा त्रयमासमा मात्र प्राप्त हुने र कुनै एक त्रयमासको उत्पादनलाई अन्य त्रयमासमा वितरण गर्नका लागि उत्तम विधिको



www.imf.org

उपयोग भइनसकेको हुँदा अघिल्लो वर्षको सोही त्रयमाससँगको वृद्धिदर अर्थात् मौसमी प्रभाव समायोजन नगरेको वृद्धिदरलाई उपयुक्त आँकडाको रूपमा लिन सकिन्छ ।

### (ङ) वार्षिक विन्दुगत वृद्धिदर

वार्षिक विन्दुगत वृद्धिदरले अघिल्लो वर्षको कुनै महिनाको तुलनामा यो वर्षको उक्त महिनामा कुनै आँकडामा कति परिवर्तन भयो भन्ने देखाउँछ । तथापि आम पाठकको सम्झनामा अघिल्लो महिनाको अवस्था ताजा हुने भएकाले उक्त तथ्याङ्कलाई अघिल्लो महिनासँग तुलना गरिने सम्भावना र यसबाट पाठकलाई प्रकाशित तथ्याङ्कभन्दा फरक अनुभुति हुन जान्छ । जस्तैः कुनै महिनामा मूल्यवृद्धिको तथ्याङ्क कम आउँदा अघिल्लो वर्षको उक्त महिनाको तुलनामा यो वर्षको सोही महिनामा भएको मूल्यवृद्धि कम भयो भन्ने हो, अघिल्लो महिनाको तुलनामा भएको वृद्धि कम भन्ने होइन । तर सर्वसाधारणको मनमा बजारमा मूल्य बढ्दै गएका बेला मूल्यवृद्धि कसरी कम भयो भनेर तथ्याङ्कमाथि शङ्का गर्ने ठाउँ रहन्छ । मौसमी प्रभाव रहने भएकाले सामान्यतया मूल्यवृद्धिलाई अघिल्लो महिनासँग तुलना गरिँदैन । यस्तो अवस्थामा हाम्रो तथ्याङ्कलाई प्रस्ट रूपमा व्याख्या गर्नुपर्ने हुन्छ ।

वार्षिक विन्दुगत वृद्धिदर धेरै कम वा धेरै बढी हुनेवित्तिकै वार्षिक औसत वृद्धि पनि उच्च हुन्छ वा न्यून हुन्छ भन्ने सुनिश्चितता हुँदैन । उदाहरणको लागि चालु आ.व.को पहिलो तीन महिनामा वार्षिक विन्दुगत मूल्यवृद्धि ७.५ प्रतिशतभन्दा माथि भए तापनि पछिल्लो समयमा मूल्यवृद्धि घट्दै गएका कारण पहिलो छ महिनाको औसत मूल्यवृद्धि ६.४७ मात्र कायम हुन गएको छ। यसै गरी, २०७८ भदौ महिनामा कर्जाको वार्षिक विन्दुगत वृद्धि करिब ३३ प्रतिशत पुगेका कारण कर्जाको वार्षिक वृद्धि नै ३० प्रतिशतमाथि पुग्यो भन्ने हिसाबले सबैतिर व्याख्या विश्लेषण भएको थियो । तथापि भदौपछिका महिनाहरूमा कर्जाको वृद्धिदर कम रहेका कारण उक्त कर्जाको वार्षिक वृद्धि भने १३.३ प्रतिशत मात्र कायम भएको थियो, जुन केन्द्रीय बैंकको लक्ष्यभन्दा निकै कम थियो ।

### (च) आधार प्रभाव र वृद्धिदर

अर्थतन्त्रमा आउने उतारचढावका कारण कहिलेकाहीँ आर्थिक चरहरूमा गिरावट आउने गर्छ । त्यसभन्दा पछिको वर्ष उक्त चरको मान वृद्धि भई सामान्य अवस्थामा फर्कंदा अर्थतन्त्रमा वास्तविक वृद्धि नभए तापनि वृद्धिदर भने उच्च देखिन सक्छ । नेपालमा भूकम्प र नाकाबन्दीपश्चात् आर्थिक गतिविधि सुचारु भई

**आर्थिक सूचकहरूको व्याख्या फरक तरिकाबाट हुँदा यथार्थ अवस्था नझल्कने, अपूर्ण हुने र कतिपय अवस्थामा गलत सूचना सम्प्रेषण हुने जोखिमसमेत रहन्छ । तसर्थ, त्यस्ता सूचकहरूको व्याख्या र विश्लेषण गर्दा विशेष सावधानी पुऱ्याउन आवश्यक छ ।**

पुरानै अवस्थामा फर्किएका कारण मात्र करिब ९.१ प्रतिशत विन्दुबराबरको आर्थिक वृद्धि प्राप्त भएको देखिन्छ भने कोभिडपश्चात् आ.व. २०७७/७८ मा त्यस्तो आधार प्रभाव करिब २.२ प्रतिशत विन्दुबराबरको छ । यस्तो प्रभाव सबैजसो आर्थिक चरहरूमा देखापर्ने भएकाले आर्थिक सङ्कट/मन्दीभन्दा ठिक पछाडिको अवधिको वृद्धिदरलाई सावधानीपूर्वक व्याख्या गर्नुपर्ने हुन्छ ।

### (छ) धनात्मक तथा ऋणात्मक मान लिनसक्ने आँकडा

चालु खाता, शोधनान्तर, खुद वैदेशिक लगानीजस्ता आँकडाहरूको मान धनात्मकबाट ऋणात्मक र पुनः धनात्मक हुनसक्ने भएकाले प्रतिशत परिवर्तन गणना गर्दा अनौठो सङ्ख्या आउन सक्छ । उदाहरणका लागि आ.व. २०७७/७८ मा रु.एक अर्ब २३ करोडले बचतमा रहेको शोधनान्तर स्थिति २०७८/७९ मा आइपुग्दा रु.२५५ अर्बले घाटामा थियो भने पछिल्लो आर्थिक वर्षमा पुनः रु.२९० अर्बले बचतमा थियो । तर प्रतिशत परिवर्तन निकाल्दा दुवै अवस्थामा ऋणात्मक र ठूलो आँकडा देखापर्दछ जसका आधारमा शोधनान्तर स्थितिको यथार्थ चित्र प्राप्त गर्न सकिँदैन । तसर्थ यस्ता चरहरूलाई प्रतिशतभन्दा पनि कुल रकम वा जीडीपीको अनुपातमा व्याख्या गर्न उपयुक्त हुन्छ ।

### (ज) पहुँच प्रतिशत

कतिपय अवस्थामा जनसङ्ख्यामा कुनै सेवाको पहुँचको अवस्था गणना गर्दा दोहोरो गणनाका कारण वास्तविक पहुँच निकाल्न सकिने अवस्था हुँदैन । जस्तैः मोबाइल सेवा, बैंक खाता, सवारी साधन, इन्टरनेट, मोबाइल वालेटको उपयोग आदि । मुलुकको जनगणनाबाट यस्ता तथ्याङ्कहरू प्राप्त हुनसक्ने भए तापनि जनगणना प्रत्येक वर्ष नहुने र यस्ता सबै आँकडाहरू त्यसमा समावेश नहुने भएकाले बेलाबखत यस्ता आँकडाको प्रयोग गर्नुपर्ने बाध्यता रहन्छ । यस्तो अवस्थामा त्यस्ता आँकडालाई जनसङ्ख्याले भाग गरेर पुहँचको रूपमा भन्दा पनि अनुपात वा पेनेट्रेसनको रूपमा व्याख्या गर्नु उचित हुन्छ । उदाहरणका लागि; बचत खाता, ऋण खाता, वालेट खाता, डेबिट कार्ड, बीमालेख आदिको विस्तारको हकमा पहुँचभन्दा पनि पेनेट्रेसनको रूपमा व्याख्या गर्न उपयुक्त हुन्छ ।

### (झ) सूचकाङ्कको व्याख्या

धेरैजसो आर्थिक चरमा हुने परिवर्तनलाई सूचकाङ्कका माध्यमबाट मापन गरिन्छ । जस्तैः मूल्य, विनिमय दर आदि । सूचकाङ्कको मान आधार वर्षको छनोटमा भरपर्ने भएकाले सूचकाङ्कको निरपेक्ष मानको खासै अर्थ हुँदैन । तसर्थ, सूचकाङ्कको हकमा वृद्धिदर मात्रै विश्लेषण गरिन्छ । निश्चित आधार वर्ष नलिइकन निश्चित सीमा जस्तैः ० देखि १०० भित्र पर्नेगरी गणना गरिएका सूचकाङ्कको हकमा भने सूचकाङ्कको मान नै विश्लेषण गरिन्छ । उदाहरणका लागि; मानवीय विकास सूचकाङ्क, वित्तीय समावेशिता सूचकाङ्क आदि । यसै गरी, निश्चित आधार वर्षका आधारमा गणना गरिने विभिन्न सूचकाङ्कहरूबीच तुलना गर्नुपरेमा तिनीहरूको आधार वर्ष एउटै बनाइसकेपछि मात्रै त्यस्तो तुलना गर्न अर्थपूर्ण हुन्छ ।

### (ञ) विदेशी मुद्रामा रेकर्ड हुने आँकडा

निर्यात, विप्रेषण, वैदेशिक लगानी, चालु खाता, शोधनान्तर, विदेशी विनियम सञ्चितिजस्ता आँकडाहरू नेपाली मुद्रामा मात्र व्यक्त गर्दा विदेशी विनिमय दर परिवर्तनको प्रभाव पर्ने भएकाले अमेरिकी डलरमा समेत व्याख्या गर्नु उचित हुन्छ । त्यसैगरी विदेशी विनिमय सञ्चितिलाई उक्त सञ्चितिको निरपेक्ष मान भन्दा पनि आयात गर्ने क्षमताका रूपमा व्याख्या गर्न बढी उपयुक्त हुन्छ किनकि आयातको आकार बढ्दै गएको बेला सञ्चितिमा वृद्धि भए तापनि सञ्चिति पर्याप्ततामा भने सुधार नहुन पनि सक्छ ।

### निष्कर्ष

मुलुकको आर्थिक तथा वित्तीय अवस्थाका बारेमा बुझ्नका लागि विभिन्न आर्थिक सूचकको उपयोग गरिन्छ । तथापि कतिपय अवस्थामा त्यस्ता सूचकहरूको व्याख्या फरक तरिकाबाट हुँदा यथार्थ अवस्था नझल्कने, अपूर्ण हुने र कतिपय अवस्थामा गलत सूचना सम्प्रेषण हुने जोखिमसमेत रहन्छ । तसर्थ, आर्थिक सूचकहरूको व्याख्या र विश्लेषण गर्दा विशेष सावधानी पुऱ्याउन आवश्यक छ । ■

# केन्द्रीय बैंकमा असल कार्यसंस्कृतिको आवश्यकता



✍ पुष्करराज भट्टराई
उप-निर्देशक

## कार्यसंस्कृतिको अवधारणा (Concept of Work Culture)

सामान्य अर्थमा 'कार्यसंस्कृति' भन्नाले काम गर्ने संस्कार भन्ने बुझिन्छ । सङ्गठनको मूल्य, मान्यता, विश्वास, आचरण र कार्य वातावरण, सङ्गठन र व्यक्तिका मूल्य, मान्यता, कार्यशैली, व्यवहार, संस्कार र अभिव्यक्तिको समष्टिगत स्वरूपलाई 'सङ्गठनको कार्यसंस्कृति' भनिन्छ ।

सङ्गठनको लक्ष्य हासिल गर्नका लागि सङ्गठनमा कार्यरत जनशक्ति, उपलब्ध स्रोत साधन, सङ्गठनको संरचनालगायतका विषयका अतिरिक्त सङ्गठनमा कार्यसंस्कृतिको पनि महत्वपूर्ण भूमिका रहन्छ । सङ्गठनले लामो समयदेखि साङ्गठनिक कार्यहरू सम्पादन गर्न स्थापित गरेका मूल्य मान्यता, कार्यविधि, कार्यप्रक्रिया र कार्य व्यवहारको समग्रताले कार्यसंस्कृति निर्माण गरेको हुन्छ ।

रबर्ट क्विन र किम क्यामरुनले चार प्रकारका कुलगत, तदर्थतन्त्र, बजारप्रभावी र पदसोपान सङ्गठनात्मक संस्कृतिको चर्चा गरेका छन् ।

- **कुलगत संस्कृति** (Clan Culture) ले स्याहार गर्न सिकाउने र मिलेर काम गर्ने संस्कृति सिकाउँछ ।
- **तदर्थ संस्कृति** (Adocracy Culture) ले सङ्गठनमा गतिशील हुने, जोखिम लिने, नयाँ सिर्जना गर्ने र काम पहिले गर्ने संस्कृतिको विकास गर्दछ ।
- **बजारप्रभावी संस्कृति** (Market Culture) बजारको कार्यप्रवृत्तिबाट विकास भएको हो । यसले प्रतिस्पर्धाबाट परिणाम प्राप्त गर्ने संस्कृतिलाई प्रवर्द्धन गर्दछ ।
- **पदसोपान संस्कृति** (Hierarchy Culture) ले सङ्गठनमा अनुशासन, नियन्त्रण, स्थिरता, प्रभावकारिता र प्रक्रियामूलक रूपमा कार्य गर्ने संस्कृतिको विकास गर्दछ ।

परिणाममुखी, जनमुखी, समूहउन्मुख, प्रतिस्पर्धी स्वभाव, रणनीतिक चरित्र, अन्वेषणउन्मुख, पारदर्शिताउन्मुख र सेवाग्राहीमुखी चरित्र आधुनिक सङ्गठनका संस्कृतिको रूपमा विकास भएको छ । आजको नेटवर्क, सम्पर्क र सामूहिकताको युगमा सूचना तथा सञ्चार प्रविधिले डिजिटलाइज्ड जीवनपद्धति विकास गरेको छ । सार्वजनिक सङ्गठनमा डिजिटलाइज्ड र भर्चुअल संस्कृति विकास गर्दै नागरिकलाई सार्वजनिक सेवाहरू एकीकृत रूपमा जुनसुकै समयमा समेत उपलब्ध गराउनुपर्ने भएको छ ।

युग अनुकूलको साङ्गठनिक संस्कृतिको विकास आजको आवश्यकता हो । संस्कृति परिवर्तनका योजनाबद्ध, अपर्झट, आवधिक वा निरन्तरजस्ता धेरै रणनीतिहरू हुने गर्दछन् । परिवर्तनको प्रतिरोध गर्ने प्रवृत्ति हरेक सङ्गठनका कर्मचारीमा पाइन्छ । सङ्गठनात्मक संस्कृति नेतृत्वको पहुँचबाहिर हुने भए पनि संस्कृति परिवर्तन गर्ने एजेन्ट नेतृत्व नै हो र उसको इच्छाशक्तिमा नै परिवर्तन निर्भर गर्दछ । सङ्गठनले कर्मचारीलाई खुसी बनाएको खण्डमा मात्र सेवाग्राहीलाई खुसी बनाउने वातावरण बन्छ भन्ने विश्वास गर्दै कर्मचारीलाई सक्षम तथा परिवर्तनमुखी बनाउनुपर्दछ । सेवा प्रवाह गर्ने सन्दर्भमा सार्वजनिक सेवाले निर्णय गर्ने अधिकार तथा स्रोतसाधनको प्रयोग गर्ने भएकाले सार्वजनिक प्रशासन सर्वप्रथम अधिकार र स्रोत साधनको प्रयोगप्रति उत्तरदायी हुनुपर्दछ । आफ्नो जिम्मेवारी र आफूले लिएको निर्णयप्रति उत्तरदायी बन्ने गुण पनि संस्कृतिको एउटा पाटो हो ।

## कार्यसंस्कृतिलाई प्रभाव पार्ने तत्वहरू

कार्यसंस्कृतिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा देहायका विषयले प्रभाव पार्दछ :-

- सङ्गठनको दूरदृष्टि,
- सङ्गठनको दीर्घकालीन नीति, रणनीति तथा योजना,
- सङ्गठनले अङ्गीकार गरेको मूल्य मान्यता,
- सङ्गठनको कार्यविधि र कार्यप्रणाली,
- सङ्गठनात्मक संरचना,
- सङ्गठनमा कार्यरत कर्मचारीको पृष्ठभूमि,
- सङ्गठनसँग सम्बन्धित कानुन र
- कार्यबोझ र कार्यप्रकृति ।

## कार्यसंस्कृतिमा रहेका मूलभूत समस्याहरू

नेपालको सार्वजनिक प्रशासन विविधतायुक्त रहेको छ । फरकफरक पृष्ठभूमिबाट आएका कर्मचारीहरूको सोच, काम गर्ने तरिका, सरकारसँगको अपेक्षासमेत फरक हुँदा यसको प्रत्यक्ष प्रभाव कार्यसंस्कृतिमा पर्दछ । पछिल्लो समयमा सार्वजनिक प्रशासनमा तोकिएको काम मात्र गर्न रुचाउने, काम गर्न हाकिमको निर्देशन पर्खने, हाकिमसँग राय बझाउन नचाहने, पदानुक्रमलाई आदर गर्ने, आलोचना सुन्न नचाहने र समन्वय गर्न नरुचाउने, काम भए पनि नभए पनि आफूलाई व्यस्त भएको देखाउन चाहनेजस्ता प्रवृत्तिहरू विद्यमान रहेको देखिन्छ ।

कार्यसंस्कृतिको प्रभाव कर्मचारीको कार्यसम्पादन एवम् सङ्गठनको लक्ष्य प्राप्तिमा समेत पर्न सक्छ । संस्थाको कुशल कार्यसम्पादनका लागि कार्यसंस्कृतिको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्दछ । वर्तमान अवस्थामा कार्यसंस्कृतिको क्षेत्रमा विभिन्न समस्या देखिएका छन् । ती समस्यालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- लोकतान्त्रिक मूल्य मान्यताको अभाव,
- सहभागितामूलक व्यवस्थापन प्रणाली प्रवर्द्धन हुन नसक्नु,
- कार्यविधिगत जटिलता देखिनु,
- लक्ष्यभन्दा प्रक्रियालाई बढी जोड दिने प्रवृत्ति,
- कर्मचारीमा जोखिम उठाउन नखोज्ने प्रवृत्ति,
- कार्यसम्पादन मूल्याङ्कनमा न्यून पारदर्शिता,
- सेवाग्राहीलाई सम्मान नगर्ने परिपाटी,
- सेवा प्रवाहमा अन्तरनिकाय समन्वयको अभाव,
- सेवा प्रवाहमा ढिलासुस्ती र प्रविधिको प्रयोगमा कमी,
- गुनासोको सुनुवाइ र समाधान समयमा नहुनु,
- कार्यसंस्कृतिको विकासका लागि आवश्यक कार्यक्रम पर्याप्त नहुनु ।

## कार्यसंस्कृतिलाई कसरी प्रभावकारी बनाउने ?

असल कार्यसंस्कृतिले सङ्गठनको सकारात्मक छवि निर्माण गर्दै प्रतिष्ठा अभिवृद्धिमा टेवा पुऱ्याउँछ भने खराब संस्कृतिले सङ्गठनको छविलाई नकारात्मक बनाउँछ । अत: सङ्गठनको सफलतामा असल कार्यसंस्कृतिको महत्वपूर्ण भूमिका रहन्छ । कार्यसंस्कृतिमा रहेका समस्या समाधानका लागि अवलम्बन गर्नुपर्ने उपायहरू निम्नबमोजिम छन् :-

- सङ्गठनको लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्ने,

- लोकतान्त्रिक प्रणाली र व्यवहारको अवलम्बन गर्नुपर्ने,
- सहभागितामूलक निर्णय प्रक्रिया अपनाउने,
- जनशक्तिको स्पष्ट कार्य विभाजन गर्ने,
- कार्य प्रणालीलाई सरलीकरण गर्ने,
- दण्ड र पुरस्कार प्रणालीलाई प्रभावकारी बनाउने,
- व्यवस्थापनको निष्पक्ष व्यवहार सुनिश्चित गर्ने,
- दोहोरो सञ्चार प्रणाली निर्माण गर्ने,
- साधन स्रोत र अवसरको न्यायोचित वितरण हुने व्यवस्था मिलाउने ।

### केन्द्रीय बैंकमा चालिएका कदम

बैंक तथा वित्तीय संस्थाको नियामक निकायको रूपमा रहेको केन्द्रीय बैंकमा स्थापित कार्यसंस्कृतिले समग्र बैंकिङ क्षेत्रलाई नै प्रतिविम्बित गर्दछ । नेपाल राष्ट्र बैंकमा रहेका असल अभ्यासको अनुसरण बैंक तथा वित्तीय संस्थाले समेत गर्दछन् । यसर्थ, कार्यसंस्कृतिसँग सम्बन्धित नीतिगत, कार्यगत, संस्थागत र प्रक्रियागत व्यवस्थाको तर्जुमा र कार्यान्वयनमा विशेष ध्यान दिनुपर्ने हुन्छ । राष्ट्र बैंकले कार्यसंस्कृतिका सम्बन्धमा देहायका व्यवस्थाहरू गरेको देखिन्छ :-

- कानुनी व्यवस्थाको कार्यान्वयनका लागि नियम, विनियम, कार्यविधि, निर्देशिका, मापदण्ड कार्यान्वयनमा ल्याइएको,
- मानव संशाधन व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि आवधिक योजना तय गरिएको,
- कार्य विवरणसँग सम्बन्धित तालिम तथा विकासका कार्यक्रम सञ्चालन गरिएको,
- प्रजातान्त्रिक निर्णय प्रक्रिया अवलम्बन गरिएको,
- अधिकार प्रत्यायोजनको स्पष्ट संरचना तयार गरिएको,
- ग्राहक सेवालाई छिटो, छरितो, गुणस्तरीय र अपाङ्गमैत्री बनाइएको,
- गुनासो व्यवस्थापनलाई प्रविधिमैत्री बनाइएको,
- कर्मचारीको सामाजिकीकरणका लागि सेवा प्रवेश तालिमको व्यवस्था गरिएको,
- नियमित रूपमा सरुवा गर्ने नीति अङ्गीकार गरिएको,
- सेवा प्रवाहका आधुनिक र प्रविधिमा आधारित विधि अवलम्बन गरिएको,
- Knowledge Sharing Programme सञ्चालनमा ल्याइएको,
- सङ्गठनात्मक संरचनाको व्यवस्था गरिएको,
- दण्ड र पुरस्कारका लागि स्पष्ट व्यवस्था गरिएको ।

### उपसंहार

कार्यसंस्कृति सङ्गठनको सफलताको प्रस्थान विन्दु हो । असल कार्यसंस्कृतिको माध्यमबाट सङ्गठनले आफ्नो लक्ष्य तथा उद्देश्य हासिल गर्न सजिलो हुन्छ । वित्तीय क्षेत्र आफैँमा ग्राहक सम्बन्धको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने क्षेत्र हो । यो क्षेत्रमा असल कार्यसंस्कृतिको वातावरण स्थापित हुन सकेन भने त्यसको असर समग्र वित्तीय प्रणालीमा देखिन सक्छ । यसर्थ, केन्द्रीय बैंकमा असल कार्यसंस्कृतिको निर्माण, कार्यान्वय र व्यवस्थापनमा जोड दिनु अति आवश्यक देखिन्छ । ■

# सिद्धार्थनगरमा वित्तीय सेवासम्बन्धी अन्तरक्रिया



सिद्धार्थनगर कार्यालयले फागुन २ गते बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने वित्तीय सेवाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेल, लुम्बिनी प्रदेश/गृह मन्त्रालयका सचिव लालबाबु कवारी, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, उद्योगी, व्यवसायी, सञ्चारकर्मीसहित ७२ जनाको सहभागिता थियो ।

सो अवसरमा नियमन विभागका कार्यकारी निर्देशक पौडेलले बैंक तथा वित्तीय संस्था रहने रकममध्ये झण्डै ९० प्रतिशत रकम सर्वसाधारण निक्षेपकर्ताको हुने उल्लेख गर्दै निक्षेपको सुरक्षा वित्तीय संस्थाको पहिलो दायित्व रहेको धारणा राख्नुभयो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक सत्येन्द्रराज सुवेदीले बैंक तथा वित्तीय संस्था सञ्चालनसँग सम्बन्धित कानुनी र नीतिगत व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीले ऋण असुलीका नाममा बैंकबाट गार्ड/बाउन्सर लगाएर कुटपिट गर्ने, मानसिक यातना दिने, कृत्रिम व्यक्ति खडा गरी कम मूल्याङ्कनमा धितो लिलामी गरिएको गुनासो राखेका थिए । सो अवसरमा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी अर्यालले बैंक तथा वित्तीय संस्थाले ऋण दिँदा र लिलामीको समयको धितो मूल्याङ्कनमा ठूलो अन्तर देखिएको उल्लेख गर्दै त्यसप्रति ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा लुम्बिनी प्रदेश गृह मन्त्रालयका सचिव लालबाबु कवारी र सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । कार्यालयका उप-निर्देशक जीवनप्रकाश पाण्डेयले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । ■

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले फागुन महिनामा विभिन्न तीन वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले फागुन १३ देखि १८ गतेसम्म पोखरामा 'Central Banking' विषयक तालिम सञ्चालन गऱ्यो ।

१७ वटा सेसनमा सञ्चालित उक्त तालिममा राष्ट्र बैंकको मानव संशाधन व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व, आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय र बाह्य क्षेत्र स्थायित्व, बजेट योजना, भुक्तानी प्रणाली, वित्तीय ग्राहक संरक्षण, मुद्रा तथा बैंकिङ व्यवस्थपनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना सहायकस्तरीय कर्मचारीको सहभागिता थियो ।

केन्द्रको आयोजनामा फागुन २० देखि २२ गतेसम्म 'Planning Budgeting and Risk Management' विषयक तालिम सम्पन्न भयो । आठ वटा सेसनमा सञ्चालित तालिममा रणनीतिक योजना, वार्षिक कार्ययोजना, बजेट तर्जुमा र कार्यान्वयन, जोखिम व्यवस्थापन प्रक्रिया, जोखिममा आधारित आन्तरिक लेखापरीक्षण, व्यवसाय निरन्तरता योजनालगायतका विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा अधिकृतस्तरका ३० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले फागुन २३ र २४ गते पोखरामा बैंकका कार्यालय सहयोगीका निम्ति तालिम सञ्चालन गऱ्यो । सो अवसरमा सहभागीलाई कर्मचारीको आचारसंहिता, आतिथ्य तथा शिष्टाचार व्यवस्थापन, सञ्चार, क्रोध व्यवस्थापन, फाइलिङ, दर्ता/चलानी, पत्राचारलगायतका विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ३९ जना कार्यालय सहयोगीको सहभागिता थियो । ■

## अवकाश

बैंकिङ विभागका उप-निर्देशक गोविन्द कार्कीले फागुन १ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल